राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ८, भदौ २६ गते शुक्रबार, २०८३ (11 September, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# 'नागरिकलाई राज्यको साथ चाहिएको छ'

## राष्ट्रका नाममा राष्ट्रपतिको सम्बोधन, रसुवा–नुवाकोटका बाढीपीडितप्रति गम्भीर चासो

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशुली नदीमा आएको बाढीबाट प्रभावित एवं प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र स्जीविकोपार्जनको आधार खोसिएका नागरिक-हरूको पीडा अत्यन्तै गहिरो रहेको भन्दै राष्ट्रपति रामचन्द्र पौडेलले अहिले उनीहरूलाई राज्यको साथ र भरोसा चाहिएको बताएका छन् । पीडितहरूका गुनासा र मागलाई आलोचना नसम्झी समस्या समाधानको संकेतका रूपमा बुझ्न समेत उनले आग्रह गरेका छन् ।

भोटेकोशी नदीमा आएको अकल्पनीय बाढीबाट प्रभावित रसुवा, नुवाकोटलगायत विभिन्न क्षेत्रको स्थलगत अवलोकन गरी राजधानी फर्केपछि राष्ट्रपति पौडेलले राष्ट्रका नाममा सम्बोधन गर्दै बाढीपीडितहरूको उद्धार, खोजी, राहत, पुनर्निर्माण र पुनर्स्थापनाका सबै कामलाई अझै प्रभावकारी ढंगले अघि बढाउन राज्यका सबै तह, निकाय, संरचना र पक्षसँग आवश्यक समन्वय गरेर काम भइरहेको छ भन्नेमा आफू विश्वस्त रहेको बताएका हुन् । हामी नेपालीहरू अत्यन्तै गहिरो शोक र पीडाबाट गुज्रिरहेको यस कठिन तथा दुःखद् क्षणमा नागरिकहरूमाझ केही भन्न उपस्थित भएको उल्लेख गर्दै यो दुःखको घडीमा आफू पनि सबैको साथमा रहेको उनले बताए ।

'यस प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो जीविकोपार्जनका आधार खोसिएका नागरिकहरूको पीडा अत्यन्त गहिरो छ । अहिले उनीहरूलाई राज्यको साथ चाहिएको छ, भरोसा चाहिएको छ र सरकार, राजनीतिक दल एवं सम्पूर्ण नागरिक संघसंस्था त्यसका लागि क्रियाशील छन् भन्ने मैले ठानेको छु । यो दुःखको घडीमा म आफू पनि सबैको साथमा रहेको विश्वास दिलाउन चाहन्छु,' राष्ट्रपति पौडेलले भने- 'हामीलाई थाहा

क्रमशः अन्तिम पृष्ठमा

# भोटेकोशी बाढी अपडेट

## १३५३ को शव फेला, ३३९४ नेपाली र ५०६ विदेशी सम्पर्कविहीन

**काठमाडौं ।** रसुवास्थित भोटेकोशी बाढीमा ज्यान गुमाएकामध्ये १ हजार ३ सय ५३ जनाको शव फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ २ हजार ८ सय २७ पुरुष र ५ सय ६७ महिला छन् भने विदेशी नागरिकतर्फ २ सय ६७ पुरुष र २ सय ३९ महिला छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी, उद्धार तथा शव व्यवस्थापन कार्यलाई सुरक्षा निकायले निरन्तरता दिइरहेको छ । फेलापरेका शवमध्ये १ हजार ४४ वटा शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । बाढीपछि अहिलेसम्म ९ हजार १ सय ५९ घाइतेको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये ३ हजार १ सय ९० जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिएका छन् । बेपत्ता व्यक्तिको पहिचान तथा फेला परेका शवको सनाखत गर्न डीएनए परीक्षणलाई प्राथमिकता दिइएको छ ।

अहिलेसम्म मृतक १ हजार १ सय ८१ जना र मृतकका आफन्त १ हजार १ सय ९५ जना गरी २ हजार ३ सय ७६ जनाको डीएनए नमूना संकलन गरिएको प्रहरीले जनाएको छ । बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकायका टोली प्रभावित क्षेत्रमा परिचालित छन् । उता, बाढीको चपेटामा परेकामध्ये ४ हजार ९ सय ९६ जना स्थिति अझै सम्पर्कविहीन भएको गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले रसुवा बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट जारी गरेको छ । प्राधिकरणले भदौ २१ गते बिहान ११ बजेसम्म बाढीमा परेकामध्ये १ हजार ३ सय ४१ जनाको मृत्यु भएको पुष्टि गरेको छ । तीमध्ये ९८ शवको मात्र सनाखत भएको जनाइएको छ । यही अवधिसम्ममा ४ हजार ९ सय ९६ जना सम्पर्कविहीन भएको प्राधिकरणको भनाइ छ ।

यस्तै, रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त अहिलेसम्म अध्यावधि भएका १ हजार ९ सय ६७ जना नेपाली नागरिक, नुवाकोट जिल्ला प्रशासन कार्यालयबाट प्राप्त अहिलेसम्म अध्यावधिक भएका २ हजार ३ सय ४० जना नेपाली नागरिक तथा विदेशी नागरिक ५ सय ८९ जना र सुरक्षाकर्मी तथा कर्मचारी १ सय जना सम्पर्कविहीन छन् । विपद् प्राधिकरणका अनुसार बाढीमा परी घाइते भएकामध्ये अहिलेसम्म ६ हजार ७५ जनाको उपचार गरिएको छ । रसुवा, नुवाकोट, धादिङ र काठमाडौंमा गरी ३९ वटा होल्डिङ सेन्टरमा अहिलेसम्म ३ हजार ६ सय ५२ बाढीपीडितले आश्रय लिइरहेका र अहिलेसम्म १३ हजार १ सय ४ जनाको उद्धार गरिएको छ ।

# दक्षिणपन्थको उपज: नवफासीवादी टेक्नोफासिज्म

**समय सन्देश**

प्रा.डा. जगदीशचन्द्र भण्डारी

ऐतिहासिक जनयुद्ध र जनआन्दोलन पश्चात् पुँजीवादी/संसदीय गणतन्त्र स्थापित भएको हो । कथित लोकतान्त्रिक गणतन्त्र स्थापनाका पृष्ठभूमिमा पहिलो संविधानसभा असफल गराउने तत्त्वहरू (देशीविदेशी कुलीन, सम्भ्रान्त, दलाल पुँजीवादी, साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरू) को सक्रियता सफल रह्यो र दोस्रोपटक तिनै शक्तिको स्वार्थमा खलल नपुग्ने गरी संविधान निर्माण गरियो । तत्कालीन मुख्य शक्तिको रूपमा स्थापित नेकपा (माओवादी) को मूल नेतृत्व- प्रचण्ड-बाबुरामको सैद्धान्तिक, दार्शनिक, वैचारिक र राजनीति बुर्जुवापरस्त भयो । उनीहरूले जनताका महान् लक्ष्यप्रति गद्दारी गरेर सो संविधानसँगै उत्पीडित, शोषित, दलित तथा राष्ट्रियताबाट उपेक्षित जाति-जनजातिका सयौं वर्षका समस्यामाथि आँखा चिम्लेर दक्षिणपन्थीसँग अँगालो मार्न पुगेको देखिन्छ । संसदीय लोकतान्त्रिक पद्धतिको स्थापनापश्चात् देशमा देखिएका सत्तासीन शक्तिहरू माओवादी, काङ्ग्रेस, एमाले/एमाले, माओवादी, काङ्ग्रेस/काङ्ग्रेस, माओवादी, एमालेका वर्तुलाकारमा मुलुक घुमिरह्यो ।

तिनै शक्तिको क्रमशः सत्तासीन हुने अचम्मको खेलमा जनताका समस्या समाधान हुनेभन्दा सत्ताका नयाँ नयाँ खेलाडी खेलमैदानमा रमाइरहेको यथार्थलाई नेपाली जनताले लामो समय भोग्न बाध्य भए । वास्तविकता त के हो भने दुनियाँमा कतै पनि पुँजीवादी लोकतान्त्रिक व्यवस्थामा जनता र राष्ट्रका समस्या समाधान हुनुभन्दा त्यस्तो

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३२, अङ्क- ८, भदौ २६ गते शुक्रबार, २०८३

## सम्पादकीय

# सुरुङभित्रको उद्धारमा अझै बढी ध्यान दिऔं

विनाशकारी भोटेकोशी बाढीमा बेपत्ता भएका हजारौं नागरिकहरूको अवस्था अझै पत्त लाग्न सकेको छैन। तीमध्ये विभिन्न जलविद्युत् आयोजनाहरूको सुरुङभित्र फसेकाहरूको भने अझै पनि सकुशल उद्धार हुन सक्ने आशा जीवित छ।

घरबार, बजार, बस्ती छाडेर यताउता भागी ज्यान जोगाएकाहरूमध्ये प्रायः अहिलेसम्म सम्पर्कमा आइसकेका छन्। बाढीले बगाएकै देखिएका कतिपयहरूको शव नभेटिए तापनि देख्नेहरूले आशा मारेका छन्। तर, कामको सिलसिलामा सुरुङभित्र रहेका र यहाँ यति छन् भनेर मोटामोटी जानकारी तथा रेकर्ड भएकाहरूको अझै उद्धार हुने आशा बाँकी छ। हिलो, लेदो र गेग्रानसहितको धेरै ठूलो बाढी सुरुङभित्र पसेको र सुरुङहरूको प्रवेशद्वार थुनिएको अवस्थामा उद्धारकार्य निकै कठिन र जटिल छ। यद्यपि आयोजनाहरूभित्रै बहुतले संरचना भएका र केही समयका लागि पुग्ने खाद्य पदार्थ, पिउने पानी, सोलार बत्तीजस्ता वातावरण भएको हुँदा ढिलै भए पनि केही नागरिकको उद्धार हुन सक्ने सम्भावना जानकारहरूले औंल्याएका छन्।

यसर्थ, सम्भव भएसम्मका स्वदेशी-विदेशी विज्ञ, प्राविधिक, उद्धारकर्मी, उपकरण र स्रोत-साधन परिचालन गरेर टनेलभित्र फसेका सयौं नागरिकहरूमध्ये सम्भव भएसम्मका नागरिकको सकुशल/जीवित उद्धारका निम्ति सरकार तथा सम्बन्धित निकायहरूले छिटोभन्दा छिटो र बढीभन्दा बढी ध्यान दिऊन्।

# २३ भदौको वर्षदिन : बदलियो सरकार, बदलियो त चरित्र ?

सामयिक समीक्षा

महेश्वर दाहाल

'जेनजी आन्दोलन' को वर्षदिन पूरा भएको छ। डा. मधु घिमिरेले गतवर्ष भदौ २४ को घटना स्मरण गर्दै फेसबुकमा लेख्नुभएको स्टाटसले मलाई झल्याँस्स बनायो। उहाँले लेख्नुभएको छ- 'गत २०८२ भदौ २४ गते नेपाली सेनाको वास्तविक गल्तीचाहिँ दुईचार बदमास नेता भनाउँदा भ्रष्ट व्यक्तिहरूलाई बचाउनमा लाग्नु तर देशका महत्त्वपूर्ण संरचनाहरूको संरक्षणमा नलाग्नु नै हो। यी 'चोरहरू' लाई जनताको हातमा छाडिदिएर भौतिक संरचनाहरूको संरक्षण सराहनीय हुने थियो।'

लोकतान्त्रिक आन्दोलनमा जोडिएको एक चिकित्सकको यो टिप्पणी एक वर्षअघिको घटनामाथिको पुनर्समीक्षा हो। त्यसैले तत्कालको आवेग मात्र भनेर यसलाई बुझ्नु हुँदैन। एक वर्षको राजनीतिक यात्रापछि गरिएको मूल्यांकनका रूपमा हेर्दा भदौ २३ र २४ को आन्दोलनको मूल प्रश्न अझै जीवित छ। पुराना भ्रष्ट नेताहरूको अझै ताउरमाउरले त्यो आन्दोलनलाई गिज्याइरहेको छ।

यो एक वर्षमा नेपालमा सरकार बदलियो। निर्वाचन भयो। मतदाताले आफ्नो फैसला सुनाए। पुराना राजनीतिक समीकरण कमजोर भए। नयाँ राजनीतिक शक्तिको प्रभाव बढ्यो। तर आज पनि मुख्य प्रश्न उही छ, एक वर्षअघि सडकले उठाएको प्रश्नको राजनीतिक जवाफ आयो कि सरकारको अनुहार मात्र बदलियो ? जेलमा पुनपुर्ने भ्रष्ट नेता तथा भ्रष्ट उच्च अधिकारीहरू अझै त्यसलाई आत्मसात गरेका छैनन् र बदला लिने मानसिकताका साथ आफूलाई पुनर्संगठित गर्दै हिजोको लूटको स्वर्ग फर्काउन दिवास्वप्न देखिरहेका छन्। असफल प्रयास गरिरहेका छन्। हामीलाई थाहा छ, भदौ २३ कुनै एउटा घटनाबाट अचानक जन्मिएको विद्रोह थिएन। त्यो वर्षौंदेखि समाजभित्र जम्मा भइरहेको असन्तोषको विस्फोट थियो। भ्रष्टाचार, सत्ता र शक्तिको दुरूपयोग, परिवारवाद, राजनीतिक संरक्षण र आफ्नै भविष्यप्रति निराश हुँदै गएको पुस्ताको आक्रोश लामो समयदेखि सञ्चित थियो। सामाजिक सञ्जाल बन्द गरिनु तत्कालीन 'ट्रिगर' बन्न पुग्यो। तर विस्फोटका लागि बारुद पहिल्यै तयार थियो।

जसरी जमिनमुनि लामो समयदेखि शक्ति सञ्चित भएपछि भूकम्प आउँछ, त्यसैगरी समाजभित्र लामो समयदेखि पाकिरहेको असन्तोष एउटा कारण पाएपछि सडकमा विस्फोट भएको हो। त्यसैले भदौ २३ लाई सुनियोजित घटनाका रूपमा मात्र व्याख्या गर्नु इतिहासप्रति अन्याय हुन्छ। मूलतः यो पुरानो राजनीतिक संस्कारविरुद्धको सशक्त विद्रोह थियो। दशकौंदेखि सत्ताको वरिपरि घुमिरहेका उही अनुहार, उही भाषण, उही आश्वासन र उही शैलीको शासनबाट नागरिक वाक्कदिक्क भएर थाकिसकेका थिए। भ्रष्टाचारका आरोप लागेका नेतामाथि कारबाही नहुने, राजनीतिक पहुँच हुनेलाई राज्य संयन्त्रले फरक व्यवहार गर्ने र जनताको जीवन बदलनेभन्दा सरकार बनाउने, जोगाउने घिनलाग्दो विचारहीन राजनीति घुमिरहने अवस्थाले नयाँ पुस्तामा ठूलो वितृष्णा पैदा गऱ्यो। यो असाध्यै रोग शीर्ष नेतामा मात्र पनि थिएन। त्यसपछिका अधिकांश नेताहरू पनि आशको राजनीतिक संस्कारमा सत्ताको चास्नीमा डुबेकै थिए। भर्दै उनीहरूले राष्ट्रिय स्वाधीनता खतरामा परेको, लोकतन्त्रमाथि आक्रमण भइरहेको ठूलो आवाजमा बताइरहेका हुन्थे। एक समय सकारात्मक भूमिकाका साथ आएका र परिवर्तनको नेतृत्व गर्नुपर्ने पार्टीभित्रकै युवा पुस्ताको एउटा हिस्सा पनि पुरानो नेतृत्वसँग प्रश्न गर्नेभन्दा त्यही नेतृत्वको संरक्षण र राजनीतिक संस्कारभित्र हुर्किए। उनीहरूकै लालनपालनमा, दूध खुवाएर नै हुर्काइए। ती पनि भ्रष्टाचार र अनेक काण्डमा लिप्त भए।

यही कारण विकल्प पार्टीभित्रबाट जन्मिएन। विकल्प पार्टी बाहिरबाट आयो। बालेन शाहहरूको उदयलाई यही सन्दर्भमा बुझ्नुपर्छ। बालेन स्थापित राजनीतिक दलहरूले सिर्जना गरेको राजनीतिक रिक्ततामा जन्मिएको वैकल्पिक मनोविज्ञानका प्रतिनिधि हुन्। जब दलभित्रका सम्भावित र आशा लाग्दा नेतृत्व मिलिजुली जाने बाँडिचुँडी खानेमा रूमल्लिए, धेरै युवाले आफ्नै नेतृत्वसँग निर्णायक दूरी बनाउन सकेनन्, मतदाताले पुराना दलको झन्डाबाहिर विकल्प खोजेका हुन्। भदौ २३ गते बाहिरबाट आन्दोलन सिर्जना भएको होइन फागुन २१ गते अमेरिका वा अरू देशका मतदाताले मतदान गरेका होइनन्। देशमा राजनीतिक र सामाजिक आन्दोलनहरू सुस्ताउँदै गएका बेला नै समाजभित्र दबिएर रहेका असन्तुष्टि र आकांक्षाले नयाँ पात्र, नयाँ शक्ति र नयाँ राजनीतिक प्रवृत्तिलाई जन्म दिन्छन् भन्ने कुरा विश्वमा धेरै उदाहरण छन्।

भदौ २३ को सडक र त्यसपछिको फागुन २१ को निर्वाचन परिणामलाई अलगअलग घटनाका रूपमा हेर्नु हुँदैन। सडकमा देखिएको असन्तोष मतपत्रमा पनि अभिव्यक्त भयो। २०१५ सालको चुनावमा नेपाली कांग्रेसको सुनामी, २०४८ सालमा कांग्रेस र एमालेको वर्चस्व तथा २०६४ सालमा माओवादीको प्रभाव लामो समयको संघर्षपछि निर्माण भएका राजनीतिक शक्तिको उदयसँग जोडिएका थिए। तर, यसपटकको राजनीतिक शक्ति फरक ढंगले जन्मिएको छ। भ्रष्टाचारको विरोध र सुशासनको एजेन्डालाई मुख्य प्राथमिकतामा राखेर यो शक्ति अघि आएको छ। देशमा यसका विरुद्ध आन्दोलन गरिरहेको बलियो शक्ति हुन्थ्यो वा स्थापित पार्टीभित्र शीर्ष नेताहरूको गलत विचार र कार्यशैलीविरुद्ध भदौ २३ गतेअघि नै संघर्ष गरेर उनीहरू विजयी भएको भए राष्ट्रिय स्वतन्त्र पार्टी र बालेनहरू हावी हुने अवस्था नै आउने थिएन।

एक समय परिवर्तन र अग्रगमनका लागि आन्दोलनको नेतृत्व गरेका राजनीतिक शक्तिहरू कानुनी रूपमा अस्तित्वमा भए पनि व्यवहारमा विघटित र जनताबाट टाढिँदै गए। तिनको नेतृत्वले गरेको अभिव्यक्ति र आचरणबीच अन्तरविरोध भयो। तिनका क्रियाकलाप, कार्यशैली क्रमशः पश्चगामी बन्दै गएको देखिन्छ। यही पृष्ठभूमिमा पुराना राजनीतिक शक्तिप्रतिको मोहभंग र नयाँ राजनीतिक चेतनाको खोजलाई बुझ्न डा. मधु घिमिरेको प्रसंग अर्थपूर्ण हुन्छ। डा. मधु घिमिरे लोकतान्त्रिक आन्दोलनमा जोडिएको परिवारको सदस्य मात्र होइन, आफैं पनि त्यो आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको व्यक्तित्व हुनुहुन्छ।

एक समय अग्रगामी भूमिका खेलेका राजनीतिक शक्ति र तिनका नेतृत्व जब आफ्नै आन्दोलनका मूल्य र आदर्शबाट विचलित हुँदै पश्चगामी भूमिकामा रूपान्तरण भए, त्यसबाट उत्पन्न असन्तुष्टि एउटा व्यक्तिको मात्र आवेग होइन। आफ्नै क्षेत्रबाट जोखिम मोलेर समाज र लोकतान्त्रिक आन्दोलनमा योगदान दिएका ऐतिहासिक पात्रहरूमा देखिएको यो आवेग समाजको ठूलो हिस्सामा पैदा भएको राजनीतिक असन्तोषकै अभिव्यक्ति हो। डा. मधु घिमिरेको एउटा ऐतिहासिक भूमिकाको यहाँ स्मरण गर्नु सान्दर्भिक हुन्छ। त्यतिबेला डा. मृगेन्द्रराज पाण्डे सुन्दरीजलमा बन्दी जीवन बिताइरहनुभएका बीपी कोइरालाको नियमित उपचारमा संलग्न हुनुहुन्थ्यो। एक दिन बीपीको स्वास्थ्य असाध्यै बिग्रिएको महसुस भएपछि डा. पाण्डेले डा. मधु घिमिरेलाई बोलाउनुभयो। उहाँले डा. मधुलाई एउटा महत्वपूर्ण जिम्मेवारी दिनुभयो, बीपीको स्वास्थ्य अवस्थाबारे राजनीतिक तहमा जानकारी पुऱ्याउने।

सहोदर दाजु शंकर घिमिरेसँगको कारण डा. मधुलाई त्यो जिम्मेवारी पूरा गर्न सहज थियो। तर यो पारिवारिक सम्बन्धका कारण प्राप्त भएको अवसर मात्रै थिएन। त्यो समयको राजनीतिक जोखिमबीच लोकतान्त्रिक आन्दोलनमा निर्वाह गरेको भूमिकाका कारण विश्वास गरिएको थियो। डा. मधुले बीपीको गम्भीर स्वास्थ्य अवस्थाबारे एउटा रिपोर्ट तयार गर्नुभयो। त्यसपछि उहाँ आफ्ना दाजु शंकर घिमिरेसँगै उक्त रिपोर्ट लिएर बीपीका आफन्त तथा अधिवक्ता गणेशराज शर्माकहाँ पुग्नुभयो। तर त्यहाँ उहाँहरूले अपेक्षा गरेअनुसारको प्रतिक्रिया पाउनुभएन। त्यसपछि उहाँहरू सूर्यप्रसाद उपाध्यायसम्म पुग्नुभयो। कांग्रेसभित्र बीपीसँग राजनीतिक मतभिन्नता राख्ने नेताका रूपमा चिनिनुभएका सूर्यप्रसाद स्वयं पनि

# दक्षिणपन्थको उपज : नवफासी...

व्यवस्थाले माथिल्लो तप्काका मानिसलाई झनझन बलियो र धनाढ्य बनाउने र आम मानिसलाई शोषणको साधनमा फेर्ने गरेको छ।

हामीकहाँ पनि पुँजीवादी लोकतान्त्रिक पद्धतिमा आधारित व्यवस्थाले जनताका मूलभूत समस्यालाई समाधान गर्ने भन्दा पहिलेदेखि सत्तामा रहेको कुलीन, आभिजात्य, तस्कर, नोकरशाहसँग गाँसिएको वर्गलाई नै पोस्दै आयो। सामन्तवादको गर्भबाट जन्मेको अति दक्षिणपन्थी समूह, संशोधन/नवसंशोधन हुँदै बुर्जुवा परस्त भई नाङ्गिएको कथित क्रान्तिकारी/माके/एमाले समूहले उच्च वर्ग तथा राष्ट्र र जनविरोधी तप्कालाई सत्ता अवयवमा हालीमुहाली गराउने र आफ्नो सन्निकटका मानिसलाई राज्यकोषको दोहनमा लगाउनाले बहुसङ्ख्यक जनतामा असन्तुष्टि, निराशा, आक्रोश र वितृष्णा पैदा हुन पुग्यो।

अझ जनयुद्ध अगाडि र पछाडि पनि त्यसैवर्गको प्रभुत्व हुँदा स्वाधीन अर्थतन्त्रको विकास भन्दा दलाल पुँजीवादी/नवउदारवादी अर्थव्यवस्थालाई नै जोड दिन पुगे। जसको परिणाम चरम महँगी, बेरोजगारी, युवाहरूको पलायन, शिक्षा-स्वास्थ्यमा माफियागिरीको दबदबा र सत्तासमूहका व्यक्तिहरूको सरकारी संस्था र निकायमा तीव्र बदमासी, अयोग्य, असक्षम मानिसको शैक्षिक, सांस्कृतिक, स्वास्थ्य प्रतिष्ठानहरूमा नियुक्ति लगायतका नीतिगत, नैतिक, आर्थिक, सामाजिक असङ्गत एवम् भ्रष्टाचारमूलक कामबाट मुलुकमा विकास र समुन्नति होइन, स्थानीय, प्रदेश तहदेखि माथिल्लो सङ्घीय संरचनामा लोकतन्त्र लुटतन्त्रमा फेरियो।

भुइँतहका मानिसका कथित नेतृत्वले आफ्नो लक्ष्य र गन्तव्यलाई छाडिसकेपछि देखापरेको सैद्धान्तिक, राजनीतिक र वैचारिक स्खलन, विचलनसँगै मुलुकमा पुराना कथित काङ्ग्रेस र एमालेको गठबन्धन विचारविहीन अराजक जत्थामा रूपान्तरण भएको अवस्थासँगै ती शक्तिहरू प्रत्यक्ष परोक्ष रूपमा दक्षिणपन्थी फासिस्ट विचारलाई अँगाल्न पुगे। बुद्धिहीन, अवैज्ञानिक र अतार्किक तथा धार्मिक अन्धविश्वास र पाखण्डवादका विचारकै भुँवरीमा तीनथरीकै जनविरोधी तत्त्वहरू घुमिरहे।

फलतः राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू जस्ताका तस्तै रहे भने देशीय सामन्तवादी तथा दलाल पुँजीवादी र साम्राज्यवादी/विस्तारवादी शक्तिको पक्षधर र पिछ्लग्गु हुँदै एमसिसी एसपिपि लगायतका गोप्य सन्धि सम्झौतामा मुलुकलाई फसाई राज्यमा गम्भीर सङ्कट उत्पन्न गराउने मुख्य कारण बने। विधायिका, कार्यपालिका तथा न्यायपालिकामा समेत सङ्कट पैदा गराई देशको समग्र संरचनामा अवरोध र नोक्सान पुऱ्याउने काम गरे।

यसैको प्रतिफलन साम्राज्यवादका गुलाम/युथ काउन्सिल, बारबारा फाउन्डेसन, टिओबि लगायतको प्रायोजनमा जेनजी नामक अराजक जत्थाको उदयसँगै कथित निर्वाचनको प्रयोगशालाबाट नवफासिज्म/टेक्नोफासिज्मको उदय भयो। अघिल्लो कालखण्डका प्रतिक्रियावादी/दलाल पुँजीवादी, सामन्तवादी तथा नोकरशाही/दक्षिणपन्थीको गर्भाधानकै परिणति पछिल्लो डिजिटल/कर्पोरेट शासन हो।

# विपदमा सम्पूर्ण देशवासीको साथ र सहयोग आवश्यक : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' ले देशले विपदको सामना गरिरहेको बेला सम्पूर्ण देशवासीको साथ र सहयोग आवश्यक रहेको बताएका छन् ।

सिरहाको मिर्चैया नगरपालिका-५ स्थित मोहन नमूना माध्यमिक विद्यालयको नवनिर्मित भवन तथा विज्ञान प्रविधि प्रदर्शनीको उद्घाटन गर्दै अध्यक्ष दाहालले हालै रसुवाको भोटेकोशीमा गएको बाढीपछि देश संकटमा परेको भन्दै सबैलाई साथ सहयोग गर्न अपिल गरेका हुन् । 'पहाडमा संकट परेको बेला मधेसले र मधेसमा विपद परेको बेला पहाडले सहयोग गर्ने हाम्रो संस्कृति नै हो । आज पनि तराई मधेसको सहयोग अतुलनीय छ' उनको धारणा थियो ।

आजसम्म चल्ने विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन कार्यक्रमा प्रतिनिधिसभा सदस्य तपेश्वर यादव, सिरहा जिल्ला समन्वय समितिका सभापति दिनेश महतो, मिर्चैया-७ फूलबरियास्थित बाजु माविका प्रधानाध्यापक फुलगेन नायक, सगरमाथा बोर्डिङ स्कुलका संस्थापक प्रदीप तिवारीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । संघीय सरकारको नमुना विद्यालय कार्यक्रमअन्तर्गत चारवटा भवन निर्माण गरिएका हुन् ।

# अपुष्ट सूचना नफैलाउन प्रेस काउन्सिलको निर्देशन

**काठमाडौं ।** प्रेस काउन्सिल नेपालले विपदका बेला समाचार सम्प्रेषण गर्दा विभत्स दृश्य, अपुष्ट सूचना, पीडितको गोपनीयता उल्लंघन हुने सामग्री र सनसनीपूर्ण प्रस्तुति सार्वजनिक नगर्न पत्रकार तथा सञ्चारमाध्यमलाई आग्रह गरेको छ ।

काउन्सिलले केही दिनअघि 'विपदका बेला सकारात्मक, मानवीय तथा जिम्मेवार सञ्चारसम्बन्धी सम्पादकीय निर्देशिका, २०८३' जारी गर्दै सबैभन्दा पहिले समाचार दिने प्रतिस्पर्धाभन्दा सही, पुष्टि भएका र जीवनोपयोगी सूचनालाई प्राथमिकता दिन आग्रह गरेको हो । निर्देशिकाअनुसार मृत्यु, घाइते, बेपत्ता, क्षति, जोखिम क्षेत्र तथा उद्धारसम्बन्धी सूचना आधिकारिक वा अन्य विश्वसनीय स्रोतबाट पुष्टि भएपछि मात्र सम्प्रेषण गर्नुपर्नेछ ।

क्षतविक्षत शव, शरीरका अंग स्पष्ट देखिने विभत्स दृश्य, अत्यधिक रक्ताम्मे दृश्य वा तस्बिर, मृतकको अनुहार, गम्भीर घाइतेको पीडादायी सामग्री तथा शोकमा रहेका परिवार वा बालबालिकाका अत्यन्त निजी दृश्य सामान्यतः प्रकाशन वा प्रसारण नगर्न भनिएको छ । असाधारण सार्वजनिक हितका कारण संवेदनशील दृश्य प्रयोग गर्नुपरे अनुहार वा पहिचान ढाक्न, दृश्य सीमित गर्न, आवश्यक पूर्वसूचना दिन तथा सम्भव भएसम्म कम हानिकारक वैकल्पिक दृश्य प्रयोग गर्न निर्देशन दिइएको छ । काउन्सिलले वेबसाइट, फेसबुक, युट्युब, टिकटक, इन्स्टाग्राम, एक्सलगायत डिजिटल प्लेटफर्मका भिडियो वा सामग्री खोल्नुअघि बाहिरै देखिने सानो तस्बिर मुख्य तस्बिर वा आफैं चल्ने श्रव्यदृश्यको छोटो भाग (थम्बनेल, कभर वा अटोप्ले प्रिभ्यु) मा समेत विभत्स दृश्य राख्न नहुने बताएको छ ।

निर्देशिकामा पीडितलाई समाचारको विषय मात्र नभई सम्मान र अधिकार भएका नागरिकका रूपमा व्यवहार गर्नुपर्ने उल्लेख गरिएको छ । अन्तर्वार्ता लिँदा परिचय र उद्देश्य खुलाउन, सम्भव भएसम्म सचेत सहमति लिन, बोल्न नचाहनेलाई दबाब नदिन तथा मानसिक रूपमा विचलित व्यक्तिलाई बारम्बार प्रश्न नगर्न भनिएको छ । बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदै रोइरहेका वा त्रसित बालबालिकाको अनावश्यक 'क्लोजअप', मृत वा घाइते आफन्तसँगको निजी दृश्य तथा सुरक्षा जोखिममा पार्न सक्ने व्यक्तिगत विवरण सार्वजनिक नगर्न आग्रह गरिएको छ । सामाजिक सञ्जालबाट प्राप्त विपदसम्बन्धी सामग्री पुनःप्रकाशन गर्नुअघि स्रोत, स्थान, समय, सन्दर्भ र स्वतन्त्र प्रमाण गरी पाँच पक्ष पुष्टि गर्नुपर्ने काउन्सिलले भनेको छ । पुरानो विपदको भिडियो, अर्को देश वा स्थानको दृश्य, सम्पादित सामग्री, कृत्रिम बौद्धिकता (एआई) बाट सिर्जित दृश्य, अपुष्ट मृत्यु वा बेपत्ताको संख्या तथा नक्कली राहत वा सरकारी सूचनाप्रति विशेष सतर्कता अपनाउन भनिएको छ । एआईबाट सिर्जित सांकेतिक दृश्य प्रयोग गर्दा त्यसलाई वास्तविक घटनास्थलको दृश्यजस्तो भ्रम पर्ने गरी प्रस्तुत गर्न नहुने र 'एआईद्वारा सिर्जित सांकेतिक दृश्य' भनेर स्पष्ट खुलाउनुपर्ने व्यवस्था गरिएको छ ।

काउन्सिलले विपदका समाचारलाई मृत्यु र विनासमा मात्र सीमित नराखी सुरक्षित स्थान, मौसम तथा पूर्वचेतावनी, अस्पताल, राहत केन्द्र, आपतकालीन सम्पर्क, उद्धार, पुनर्स्थापना र पुनर्निर्माणसम्बन्धी उपयोगी सूचनालाई पनि प्राथमिकता दिन आग्रह गरेको छ । 'सकारात्मक सञ्चारको अर्थ वास्तविकता लुकाउनु होइन; समस्या देखाउँदै समाधान र पुनःउत्थानको बाटो समेत देखाउनु हो' निर्देशिकामा उल्लेख छ ।

समाचार संकलनका क्रममा उद्धार, एम्बुलेन्स आवागमन, उपचार, सुरक्षाकर्मीको काम वा राहत वितरणमा अवरोध नपुऱ्याउन तथा पत्रकारले अनावश्यक जोखिम नलिन भनिएको छ । गलत सूचना प्रकाशित भएको थाहा हुनासाथ तत्काल सच्याउन, के गलत भएको थियो र सही तथ्य के हो भन्ने स्पष्ट गर्न तथा आवश्यक परे क्षमायाचना गर्नुपर्ने निर्देशिकामा भनिएको छ ।

काउन्सिलले लगातार विभत्स तथा पीडादायी सामग्रीमा काम गर्ने पत्रकार, फोटो पत्रकार, श्रव्यदृश्य सम्पादक र सामाजिक सञ्जाल अनुगमनकर्ताको मानसिक स्वास्थ्यमा समेत सञ्चारमाध्यमले ध्यान दिनुपर्ने जनाएको छ । संवेदनशील सामग्री प्रकाशनअघि तथ्यपुष्टि, सुरक्षा, गोपनीयता, बालबालिकाको हित, दृश्यको आवश्यकता र सार्वजनिक हितलगायत विषय समेटिएको '१० प्रश्न' परीक्षण गर्न पनि सम्पादकलाई सुझाइएको छ ।

निर्देशिका विपरीत सामग्री देखिए पत्रकार आचारसंहिता, कार्यविधि तथा प्रचलित कानुन बमोजिम ध्यानाकर्षण, निर्देशन वा अन्य प्रक्रिया अघि बढाउन सकिने काउन्सिलले भनेको छ ।

# विभिन्न प्रदेशका केही ठाउँमा भारी वर्षाको सम्भावना

**काठमाडौं ।** मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले हाल देशभर मनसुनी वायुको प्रभावका रहेको जनाएको छ । हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थान आसपास रहेको महाशाखाले जनाएको हो ।

हाल कोशी, मधेस, बागमती, लुम्बिनी र कर्णाली प्रदेशका सबै भूभाग तथा गण्डकी र सुदूरपश्चिम प्रदेशको हिमाली र पहाडी भूभागमा साधारणतया बादल लागेको छ भने गण्डकी र सुदूरपश्चिम प्रदेशको तराई भूभागमा आंशिक बादल लागेको छ । कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षा भइरहेको महाशाखाले उल्लेख गरेको छ । महाशाखाका अनुसार बुधबार दिउँसो देशभर साधारणतया बादल लाग्नेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका केही स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ ।

बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भूभागको धेरै स्थानमा तथा कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थान तथा बाँकी तराई भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । मधेस प्रदेश, कोशी र लुम्बिनी प्रदेशका पहाडी र तराई भूभाग तथा बागमती र गण्डकी प्रदेशका हिमाली, पहाडी र तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

त्यसैगरी, बुधबार राति देशभर साधारणतया बादल लाग्नेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना पनि महाशाखाले जनाएको छ । तराई भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

# 'जेन–जी विद्रोह' सरकार परिवर्तनका लागि थिएन

**काठमाडौं ।** बुधबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा भाग लिने सांसदहरूले 'जेन–जी' आन्दोलन सरकार परिवर्तनका लागि नभई धारणा व्यक्त गर्दै सुशासन र विधिको शासनका लागि भएकाले सोही मर्म र भावनाअनुरूप सरकार र राजनीतिक दलले काम गर्नुपर्ने बताएका छन् ।

आकस्मिक समयमा भाग लिँदै सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद पुरुषोत्तम शुभ्रभात यादवले जेनजी आन्दोलनको माग र भावनाबमोजिम सरकारले काम गर्नुपर्ने बताएका हुन् । उनले जेनजी आन्दोलनमा संलग्नलाई पक्राउ र थुनामा राख्ने कार्य सच्याउन माग गरे । बैठकको आकस्मिक सयममा बोल्दै नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले जेनजी आन्दोलन सरकार परिवर्तनका लागि नभई शैली परिवर्तनसहित सुशासन र विधि कायमका लागि भएकाले सबैले त्यसअनुसार काम गर्नुपर्नेमा जोड दिए । केसीले बजारमा उपभोग्य वस्तुको अभावकाबीच विपत्तिको सामनाका लागि सबै एक भएर लाग्नुपर्ने अवस्था रहेको जनाउँदै नुवाकोट, रसुवा र धादिङको सडक सञ्जालको पुनर्स्थापनामा विशेष ध्यान पुऱ्याउन सरकारको ध्यानाकर्षण गराए । कांग्रेसकै अर्की सांसद बासना थापाले रसुवा बाढीको दुई साता बितिसक्दा पनि अझै सयौं बेपत्ता भएका नागरिकको प्रभावकारी खोजी हुन नसक्दा सम्बन्धित परिवारले पीडाको सामना गरिरहनु परेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद गणेशसिंह ठगुन्नाले हालैको अविरल वर्षाले दार्चुलालगायत क्षेत्रमा बस्ती प्रभावित भएको जानकारी गराउँदै विपदपूर्व सूचना प्रणाली र महाकालीमा तटबन्ध निर्माणमा ध्यान दिन आग्रह गरे । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद पार्वती विकले जेनजी आन्दोलनले बोकेको परिवर्तनको संकल्पलाई सरकारले के-कति पूरा गर्न सकेको वा नसकेकोबारे समीक्षा गर्न आवश्यक रहेको बताइन् ।

# 'अराजकता, साइबरबुलिङ र अहंकार सिक्न आएका होइनौं'

**काठमाडौं ।** कांग्रेसका सचेतक निश्कल राईले सरकार संविधान, विधि र प्रक्रियाबाट चल्नुपर्नेमा पहुँचबाट चल्न थालेको आरोप लगाएका छन् ।

बिहीबार प्रतिनिधिसभा बैठकमा बोल्दै सचेतक राईले सरकारलाई 'जेन-जी' आन्दोलनको मर्मअनुसार पारदर्शिता, सुशासन, विधिको शासन र भ्रष्टाचार अन्त्यका लागि गम्भीर भएर काम गर्न आग्रह गरेका हुन् । विधिको लागि आन्दोलनमा उत्रेका युवाहरूको जगमा बनेको सरकारले विधि मिच्न थालेको आरोप लगाउँदै उनले सरकारका मन्त्रीहरूले पछिल्लो समयमा दिएका अभिव्यक्तिप्रति पनि असन्तुष्टि पोखेका छन् ।

गृहमन्त्री सुधन गुरुङले 'हामी सिकाउन आएका हौं' भन्ने अभिव्यक्ति दिएको उल्लेख गर्दै उनले प्रतिपक्ष सिक्न तयार रहेको बताए । 'हामी सिकाउन आएका हौं भन्ने कुरा पनि सुनियो । हामी सिक्न तयार छौं । हामी प्रतिपक्षी दल सधैं सिक्न तयार छौं' सचेतक निश्कलको भनाइ थियो 'तर सिक्न संस्कार सिक्न चाहन्छौं । विधि, प्रक्रिया, पद्धति सिक्न चाहन्छौं । विधानसंगत कुरा सिक्न चाहन्छौं । सहिष्णुता सिक्न चाहन्छौं, सिद्धान्त सिक्न चाहन्छौं ।'




# २३ भदौको वर्षदिन : बदलियो...

लोकतान्त्रिक आन्दोलनका महत्वपूर्ण पात्र हुनुहुन्थ्यो । उहाँमाथि इतिहासमा अनेक आरोप र विवाद जोडिएका प्रसंग छन्, जसबारे स्वयं बीपीले पनि प्रश्न उठाउनुभएको छ । तर, बीपीको स्वास्थ्य संकटका बेला सूर्यप्रसादले खेलेको भूमिका भने निकै सराहनीय देखिन्छ ।

सूर्यप्रसादले रिपोर्ट पढेपछि त्यसलाई गम्भीर रूपमा लिनुभयो । डा. मधुले तयार गरेको रिपोर्टको ठूलो संख्यामा प्रतिलिपि बनाउन लगाएर काठमाडौँस्थित विदेशी दूतावास तथा प्रभावशाली अन्तर्राष्ट्रिय सम्पर्कमा पुऱ्याउने काम गरियो । जेलमा रहनुभएका बीपीको स्वास्थ्यबारे सार्वजनिक दबाब सिर्जना गर्न चिकित्सकीय रिपोर्टलाई अन्तर्राष्ट्रिय कूटनीतिकवृत्तसम्म पुऱ्याउनु आफैँमा राजनीतिक रणनीति पनि थियो । डा. मधु घिमिरेका दाजु शंकर घिमिरे लोकतान्त्रिक आन्दोलनका अगुवामध्ये एक हुनुहुन्थ्यो । २०१७ सालको शाही 'कु'पछि काठमाडौंमा प्रतिरोध निर्माण गर्ने क्रममा शंकर घिमिरे, कमल चित्रकार र दमननाथ ढुंगानाको भूमिका महत्वपूर्ण मानिन्छ । वरिष्ठ पत्रकार किशोर नेपालले शंकर घिमिरेलाई संगठन र व्यवस्थापन, दमननाथ ढुंगानालाई युवाहरूमाझ लोकप्रियता र कमल चित्रकारलाई जनशैलीका कारण प्रभावशाली 'त्रोइका'का रूपमा स्मरण गर्नुभएको छ । त्यतिबेला लोकप्रियता हासिल गर्न अहिलेको जस्तो सामाजिक सञ्जाल थिएन । लाइक र सब्स्क्राइबर बढाउने सुविधा थिएन । लोकप्रियता र जनविश्वास कमाउन जोखिमपूर्ण संघर्षमा होमिनुपर्थ्यो ।

शंकर घिमिरे २०२८ सालको स्नातक निर्वाचनमा कांग्रेसका उम्मेदवार बन्नुभएको थियो । उहाँ सूर्यप्रसाद उपाध्यायसँग निकट राजनीतिक सम्बन्धमा हुनुहुन्थ्यो । त्यसैले बीपीको स्वास्थ्यसम्बन्धी रिपोर्ट लिएर सूर्यप्रसाद उपाध्यायसम्म पुग्नु र त्यसलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएर तत्कालीन निरंकुश पञ्चायती शासकमाथि दबाब सिर्जना गर्ने अवस्था बन्नुमा उहाँहरूबीचको राम्रो सम्बन्ध, विश्वासको महत्वपूर्ण भूमिका थियो । शंकरको राजनीतिक जीवनको अन्त्य पनि संघर्षकै क्रममा भयो । पञ्चायतविरुद्धको संघर्षमा उहाँमाथि मुद्दा थियो । त्यही मुद्दाको तारिखमा बिराटनगर जाँदै गर्दा भएको कार दुर्घटनामा उहाँको २०४० सालमा निधन भयो । उहाँकी जीवनसंगिनी सुप्रभा घिमिरे पनि पछि प्राध्यापक संघको अध्यक्ष हुँदै २०६४ मा काठमाडौं ४ बाट सभासदमा प्रत्यक्षमा निर्वाचित हुनुभयो ।

डा. मधु घिमिरे २०४६ सालको जनआन्दोलनमा उहाँ सक्रिय भएका कारण पक्राउ पर्नुभयो । बहुदलीय व्यवस्था पुनःस्थापनापछिको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका चिकित्सक सल्लाहकार रूपमा समेत जोडिनुभयो । कोइरालाको स्वास्थ्य उपचारमा डा. घिमिरेको महत्वपूर्ण भूमिका थियो । भदौ २४ मा संसद्, सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवासलगायत महत्वपूर्ण राज्य संरचनामा भएको आगजनी र तोडफोड आन्दोलनको गम्भीर नकारात्मक पक्ष हो । जुन कुरालाई डा. मधुले पनि चिन्ता जाहेर गर्नुभएको छ । सार्वजनिक सम्पत्ति, राज्यका संरचना र ऐतिहासिक दस्तावेज नष्ट हुनु कुनै पनि कोणबाट स्वीकार्य हुन सक्दैन । सुरक्षा निकायले कहाँ कस्तो भूमिका खेल्यो, महत्वपूर्ण संरचनाको सुरक्षा किन कमजोर भयो र राज्य संयन्त्रले समयमै प्रभावकारी प्रतिक्रिया दिन किन सकेन भन्ने प्रश्नको जवाफ एक दिन अवश्य आउला ।

तर, आगजनीको आलोचना गर्दै गर्दा त्यसअघि समाजमा जम्मा भएको आक्रोशलाई ढाक्न भने मिल्दैन । भवन किन जल्यो भन्ने प्रश्नसँगै समाजको मन किन जल्यो भन्ने प्रश्न अझ महत्वपूर्ण छ । किन एउटा पुस्ता, अनि समाजको ठूलो हिस्साले राज्यसँग यति ठूलो दूरी महसुस गऱ्यो ? किन पुरानो नेतृत्वप्रतिको विश्वास यति कमजोर भयो ? किन पार्टीभित्र रहेका युवाले आफ्नै नेतृत्वलाई चुनौती दिएर नयाँ राजनीतिक संस्कार निर्माण गर्न सकेनन् ? डा. मधु घिमिरेले फेरि लगत्तै पुराना पार्टीहरूका युवाहरूलाई आव्हान गर्दै अंग्रेजीमा यस्तो स्टाटस लेख्नुभएको छ, 'आआफ्नो विचारधाराप्रति सच्चा प्रतिबद्धता राख्ने र आफूले सही ठानेको बाटोबाट जनताको सेवा गर्ने उत्कट चाहना भएका कांग्रेस र एमालेका नेता-कार्यकर्ता तथा आम पंक्तिका साथीहरूलाई म यति मात्र भन्न चाहन्छु, तपाईंहरूका पार्टीका नेतृत्वले तपाईंहरूलाई असफल मात्र बनाएनन्, उनीहरूले तपाईंहरूलाई धोका दिए र ठगे पनि । कुनै पनि विचारधाराप्रति पक्षपात नगरी म तपाईंहरू सबैप्रति सम्मान व्यक्त गर्छु । तपाईंहरूले देश र जनताको सबैभन्दा राम्रो सेवा यही विचारधाराबाट हुन्छ भन्ने विश्वास र आस्था राखेर जुन विचारधारा रोज्नुभयो, त्यो तपाईंहरूको आफ्नो विश्वास हो । त्यसप्रति मेरो कुनै आपत्ति छैन । म तपाईंहरूको आस्थाको सम्मान गर्छु । तर, तपाईंहरू सबैसँग मेरो एउटा अनुरोध छ, आफ्नो बाटोबाट वर्तमान नेतृत्वलाई हटाउनुहोस् । उनीहरू जनताको हितभन्दा आफ्नै स्वार्थमा केन्द्रित भएका बेइमान र बदमासहरू मात्र हुन् ।

भदौ २३ को सबैभन्दा ठूलो सन्देश यही हो, समाजको 'कमन सेन्स' बदलिइसकेको थियो तर राजनीतिक नेतृत्वको चरित्र बदलिएको थिएन । मतदाता बदलिएका थिए । नेतृत्वको भाषा उही थियो । नागरिकले विकल्प खोज्न थालिसकेका थिए । दलका शिर्ष नेताहरू भने पुरानो समीकरणमै रमाइरहेका थिए । भदौ २३ ले सडकमा प्रश्न गऱ्यो । त्यसपछिको निर्वाचन परिणामले मतपत्रबाट त्यही प्रश्न दोहोऱ्यायो । अब मूल परीक्षा सत्तामा पुगेकाहरूको हो ।

के राज्यको चरित्र बदलियो ? के शासन गर्ने शैली बदलियो ? के भ्रष्टाचार र शक्तिको दुरूपयोगविरुद्धको व्यवहार बदलियो ? के राजनीतिक दलभित्र प्रश्न गर्ने संस्कार जन्मियो ? के युवाले आफ्नै नेतृत्वलाई जवाफदेही बनाउन सक्ने ठाउँ पाए ? यदि यी प्रश्नको जवाफ अझै अस्पष्ट छ भने जेनजी आन्दोलनको राजनीतिक अध्याय समाप्त भएको छैन । समाज रूपान्तरणको अभियान अधुरो नै छ । सडकले आफ्नो काम गरिसकेको छ । मतदाताले आफ्नो फैसला सुनाइसकेका छन् । अब परिवर्तनको प्रमाण भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ ।

एक वर्षपछि इतिहासले फेरि उही प्रश्न सोधिरहेको छ, सरकार बदलियो, निर्वाचनको परिणाम बदलियो तर के राजनीतिक चरित्र बदलियो त ? यदि यसको जवाफ अझै 'हो' भन्न सकिने अवस्थामा पुगेको छैन भने भदौ २३ को सम्बोधन वास्तविक अर्थमा भएकै छैन । जनताले बाटो देखाइसकेका छन् । अब परिवर्तनको प्रमाण व्यवहारमा देखिनुपर्छ । ताकि अर्को पटक प्रश्न फेरि सडकले सोध्न नपरोस् । (रातोपाटीबाट)

# भोटेकोशी बाढी सम्बन्धमा नेकपाद्वारा २४ बुँदे प्रस्ताव पारित

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले भोटेकोशी बाढीबाट भएको जनधनको क्षति तथा प्रभावित क्षेत्रमा देखिएका समस्या समाधानका लागि उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणसम्बन्धी २४ बुँदे विशेष प्रस्ताव पारित गरेको छ ।

सो पार्टीको केन्द्रीय कार्यालयको बैठकले बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, अस्थायी आवास तथा पुनर्स्थापना, अत्यावश्यक सेवा तथा पूर्वाधार पुनःसञ्चालनलगायतका विषयमा विशेष प्रस्ताव पारित गरेको हो । पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षता तथा सहसंयोजक माधवकुमार नेपालको सञ्चालनमा बसेको बैठकले बाढीबाट प्रभावित क्षेत्रमा देखिएका समस्या तथा उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका चुनौतीबारे छलफल गरेको थियो ।

बैठकले राहत, सुरक्षित आवास योजना, जोखिम मूल्याङ्कन, राष्ट्रिय जलवायु तथा विपद् कोष स्थापना, पूर्वसूचना प्रणालीको विकास, द्रुत प्रतिकार्य टोली गठन, अन्तरराष्ट्रिय जलवायु न्यायलगायतका विषय समेटेर २४ बुँदे प्रस्ताव पारित गरेको पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# मानवअधिकार आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न कांग्रेसको माग

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारसँग 'जेन-जी' विद्रोहका क्रममा भएका घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस तत्काल कार्यान्वयन गर्न माग गरेको छ । सो विद्रोहको एक वर्ष पुगेको दिन विज्ञप्ति जारी गर्दै कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले घटनामा संलग्न जोसुकै भए पनि निष्पक्ष अनुसन्धान गरी कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने बताएका हुन् ।

राष्ट्रिय मानव अधिकार आयोगले २३ भदौमा शान्तिपूर्ण प्रदर्शनलाई हिंसात्मक बनाउन उक्साउने, घुसपैठ गर्ने, अत्यधिक बल प्रयोग गर्ने तथा २४ भदौमा विध्वंस मच्चाउने सबै पक्षमाथि कारबाहीका लागि सिफारिस गरिसकेको बताएका आङ्देम्बेले 'राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सरकारले तत्काल सार्वजनिक गरी त्यसमा गरिएका सिफारिसलाई पूर्ण रूपमा कार्यान्वयनमा लैजानुपर्छ । घटनामा संलग्न जोसुकै भए पनि निष्पक्ष अनुसन्धान र कानुनी कारबाही हुनुपर्छ ।' कसैलाई राजनीतिक संरक्षण वा सत्ताको प्रभावका आधारमा उन्मुक्ति दिन नमिल्ने आङ्देम्बेको धारणा छ राज्यशक्तिको दुरूपयोग गर्ने तथा आन्दोलनको नाममा कानुन हातमा लिएर देशलाई विध्वंसतर्फ धकेल्ने दुवै पक्षलाई कारबाहीको दायरामा ल्याउनुपर्ने उनले बताएका छन् ।

'कसैलाई राजनीतिक संरक्षण वा सत्ताको प्रभावका आधारमा उन्मुक्ति दिन मिल्दैन । राज्यशक्तिको दुरूपयोग गर्ने होस् वा आन्दोलनको नाममा कानुन हातमा लिएर देशलाई विध्वंसतर्फ धकेल्ने-सबै कारबाहीको दायरामा आउनुपर्छ । चाहे ती सत्ता शक्तिको नेतृत्वमै किन नहुन् । यो नेपाली कांग्रेसको स्पष्ट धारणा हो' आङ्देम्बेले भने । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन गौरीबहादुर कार्की आयोगको भन्दा विश्वसनीय रहेको दावी गर्दै उनले प्रतिवेदनमा आफूलाई जोगाउन सत्ता नेतृत्वबाटै कैँची चलाइएको आशंका गर्ने ठाउँ रहेको उनले बताएका छन् ।

उनले जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको दीर्घकालीन उपचार, पुनर्स्थापना र आवश्यक सहयोग सुनिश्चित गर्न सरकारसँग आग्रह गरेका छन् । जेन-जीको बलिदानलाई कुनै दल वा व्यक्तिको निजी राजनीतिक सम्पत्तिका रूपमा प्रयोग गर्न नहुने भन्दै उनले आन्दोलनले उठाएका प्रश्नलाई राज्यको नीति, शासन र व्यवहारमै सम्बोधन गर्नुपर्ने बताए ।

# हिंसाका दोषीलाई कारबाही गर्नुपर्छ : ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले २०८२ भदौ २३ र २४ गते भएका घटनाको गम्भीर छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिएका छन् । तत्कालीन समयमा प्रधानमन्त्री रहेका ओलीले जेनजी आन्दोलनको एक वर्ष पुगेको सन्दर्भमा एक प्रेस वक्तव्य जारी गर्दै भदौ २३ गतेको युवा प्रदर्शनका क्रममा गोली लागी ज्यान गुमाउने युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका हुन् ।

त्यसपछिका घटनामा कर्तव्यपालनाका क्रममा ज्यान गुमाएका प्रहरीप्रति पनि उनले श्रद्धाञ्जली व्यक्त गरेका छन् । अध्यक्ष ओलीले लोकतन्त्रमा नागरिकले सरकारसमक्ष आफ्ना अपेक्षा, असन्तुष्टि र माग प्रस्तुत गर्नु स्वाभाविक भएको उल्लेख गर्दै संविधानले शान्तिपूर्ण रूपमा भेला हुने, विरोध गर्ने तथा लोकतान्त्रिक माध्यमबाट सरकार गठन, पुनर्गठन र परिवर्तन गर्ने अधिकार सुनिश्चित गरेको बताए ।

आफू नेतृत्वको तत्कालीन मन्त्रिपरिषद बैठकले घटनाको न्यायिक छानबिनका लागि आयोग गठन गर्ने, सामाजिक सञ्जालमा लगाइएको अस्थायी प्रतिबन्ध हटाउने, घाइतेको निःशुल्क उपचार तथा पीडित परिवारलाई क्षतिपूर्ति दिने निर्णय गरेको स्मरण गराउँदै ओलीले उक्त दुःखदायी घटनाको नैतिक जिम्मेवारी लिई तत्कालीन गृहमन्त्रीले राजीनामा दिएको पनि सोही वक्तव्यमा उल्लेख गरेका छन् ।

उनले गत भदौ २४ गते राष्ट्रपति भवन, प्रधानमन्त्री निवास, सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत, राजनीतिक दलका कार्यालय तथा सार्वजनिक र निजी सम्पत्तिमा भएको आगजनी, तोडफोड र आक्रमणलाई दुःखदायी क्षणका रूपमा लिनुपर्ने उल्लेख गर्दै घटनाका दोषीमाथि कारबाही हुनुपर्नेमा जोड दिएका छन् ।

# ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता

**काठमाडौं ।** रसुवाको भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका छन् ।

पर्यटन विभागका अनुसार यही भदौ १० गते भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका हुन् । विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका पर्यटक बेपत्ता भएको जानकारी दिए । बेपत्ता भएका विदेशी पर्यटकमध्ये २५६ पुरुष, ३२९ महिला र दुई अन्य रहेका छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका रहेका छन् । विभागअनुसार भारतका १८४ नागरिक बेपत्ता भएका छन् । यस्तै अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्सका चार, जर्मनीका आठ, हङ्गेरीका एक, आइरिसका दुई, इजरायलका एक, लिथ्वानियाका एक, मलेसियाका ५५ र नेदरल्यान्डका दुईजना बेपत्ता भएका छन् ।

बाढीमा परी न्युजिल्यान्डका पाँच, पोर्चुगलका दुई, रसियाका आठ, सिङ्गापुरका नौ, दक्षिण अफ्रिकाका ६, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६७, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्विडेनका एक जना बेपत्ता भएका छन् । यस्तै लाटभियाका ३३, स्विजरल्यान्डका एक, इटलीका दुई, चीनका २६, भियतनामका एक, इस्टोनियाका एक र पोल्यान्डका दुई पर्यटक बेपत्ता भएका छन् ।

यसैगरी नेपालका १८८ पर्यटक बेपत्ता भएका छन् । विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला रहेका छन् । बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारी घिमिरेले बताए । सरकारले विपद्का बीच उद्धार कार्य पनि जारी राखेको छ । हालसम्म ३०७ विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ । उद्धार भएकामध्ये २५४ पुरुष र ५३ महिला रहेका छन् ।

# भूकम्पबाट लोमान्थाङमा ३० घरमा क्षति

**काठमाडौं ।** मुस्ताङस्थित लोमान्थाङ केन्द्रविन्दु बनाएर यही भदौ २३ गते गएको भूकम्पको पराकम्पनले (नेपाल–चीन) उत्तरी कोरलानाकासँग जोडिएको लोमान्थाङ गाउँपालिकाका विभिन्न स्थानमा ढुंगा र माटोले बनेका ३० भन्दा बढी घर पूर्णरूपमा क्षति भएका छन् ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङका अनुसार लोमान्थाङ गाउँपालिकाअन्तर्गत लोमान्थाङ-५ बाहेक अन्य वडामा मंगलबार रातिको भूकम्पले सयौं घरमा क्षति पुगेको छ । लोमान्थाङ गाउँपालिकामा भूकम्पको क्षति विवरण संकलन बुधाबारदेखि थालिएको छ । अध्यक्ष गुरुङ र उपाध्यक्ष छ्युमी विष्टसहितका जनप्रतिनिधि तथा गाउँपालिकाका कर्मचारी, ईलाका प्रहरी कार्यालय लोमान्थाङ, छोसेर प्रहरी चौकी, सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट ( बीओपी) र एक्याप लोमान्थाङका प्रतिनिधीहरूले लोमान्थाङ क्षेत्रमा गएको भूकम्पको क्षति विवरण सङ्कलन गर्न थालेका हुन् ।

गाउँपालिकाका गुरुङले अहिलेसम्म लोमान्थाङ गाउँपालिकाअन्तर्गत वडा नं ३ को नाम्याल, फुवा र ढिङ्गर, वडा नं ४ अन्तर्गत किम्लिङ, चुम्जुङ र नाम्डोक तथा वडा नं १ को छोसेर क्षेत्रमा भूकम्पको क्षति विवरण संकलन भएको बताए । लोमान्थाङको वडा नं ३ ,४ र वडा नं १ छोसेर गाउँको आधा क्षति विवरण संकलन हुँदा झण्डै ३० घर भूकम्पले पूर्णरूपमा क्षतिग्रस्त बनेका अध्यक्ष गुरुङले जानकारी दिए । लोमान्थाङ गाउँपालिका-२ छोसेर र वडा नं ५ को लोमान्थाङमा क्षति विवरण संकलन हुन बाँकी छ । भूकम्पको क्षति विवरण संकलन गर्ने क्रममा लोमान्थाङ-५ बाहेक सबै वडामा भूकम्पको असरले स्थानीयका अधिकांश घरमा आंशिक चिरा परेका र भत्किने खतरा रहेको उनले बताए । लोमान्थाङ क्षेत्रमा भूकम्पले पुऱ्याएको विस्तृत क्षति विवरण संकलन हुन केही समय लाग्ने उल्लेख छ ।

भूकम्पले पूर्ण रूपमा क्षति भएका घरका बासिन्दालाई तत्कालका लागि समाजघर र पाल टाँगेर पुनर्स्थापना गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले जानकारी दिए । भूकम्पले सबैभन्दा बढी क्षति लोमान्थाङ-३ फुवा र त्यस आसपासका गाउँमा परेको छ । लोमान्थाङ क्षेत्रका भूकम्प पीडितको पुनर्स्थापना तथा अन्य सहयोगका लागि स्थानीय जनप्रतिनिधिसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको गाउँपालिकाका उपाध्यक्ष विष्टले जानकारी दिए ।

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, शंखरापुर
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोदावरी
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, महालक्ष्मी
कमलपोखरी, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

# नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नागार्जुन
हरिसिद्धि, सीतापाइला, काठमाडौँ
बागमती प्रदेश, नेपाल

## आइदेम्बेको...

छ कि विपत्तिमा परेका नागरिकको आवाज सुन्नु र उनीहरूको पीडाप्रति संवेदनशील हुनु लोकतान्त्रिक राज्यको आधारभूत कर्तव्य हो, त्यसैले पीडितका गुनासा र मागलाई आलोचनाका रूपमा होइन; समाधानका लागि प्राप्त महत्त्वपूर्ण संकेतका रूपमा ग्रहण गर्न म सरकार तथा सम्बन्धित सबै निकायलाई आग्रह गर्दछु।'

यतिबेलाको गहिरो पीडालाई कम गर्न सक्ने शब्दहरू आफूहरूसँग नभएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने- 'परिवारका सदस्य तथा साथीभाइहरूको खबरको प्रतीक्षामा रहनुभएका सबैलाई म खोजी तथा उद्धारकार्य निरन्तर रूपमा जारी रहनेछ भन्ने कुरामा विश्वस्त पार्न चाहन्छु। तपाईंहरूले अनुभव गरिरहनुभएको अनिश्चितताको यो क्षणको पीडा सिङ्गो राष्ट्रले नै महसुस गरिरहेको छ।' उद्धार गरिएका प्रत्येक व्यक्तिको खाद्यान्न, स्वच्छ खानेपानी, सुरक्षित आश्रय, आवश्यक औषधोपचार तथा मनोसामाजिक सेवाको पहुँच सुनिश्चित हुनुपर्नेमा पनि राष्ट्रपति पौडेलले जोड दिएका छन्। अहिले बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गर्भवती तथा अन्य जोखिममा रहेका र विशेष संरक्षण आवश्यक पर्ने नागरिकहरूप्रति विशेष ध्यान दिनु आवश्यक रहेको तथा अस्थायी आश्रयस्थलहरू सुरक्षित तथा मर्यादित हुनुपर्छ भन्ने विषयमा विशेष रूपमा सचेत र संवेदनशील रहनुपर्ने समेत राष्ट्रपति पौडेलले उल्लेख गरेका छन्।

नेपाली नागरिक तथा विदेशी नागरिक दुवैका हकमा उनीहरूका परिवारजनलाई यथार्थ र विश्वसनीय सूचना उपलब्ध गराउनु तथा आफ्ना प्रियजनहरूलाई घर ल्याउन आवश्यक सहजीकरण तथा मानवीय सहयोग उपलब्ध गराउनु आवश्यक भएको राष्ट्रपति पौडेलले बताए। सबैभन्दा महत्त्वपूर्ण कुरा, यस विपत्तिमा ज्यान गुमाउनुभएकाप्रति मर्यादा, सम्मान र करुणाका साथ व्यवहार सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिएका छन्। 'मृतकहरूको पहिचान अत्यन्त सावधानी, संवेदनशीलता र जिम्मेवारीका साथ गरिनुपर्दछ। आवश्यकतानुसार डीएनए नमूना तथा अन्य सम्बन्धित अभिलेखहरू सुरक्षित रूपमा संरक्षण गरी पहिचान प्रक्रियालाई विश्वसनीय र व्यवस्थित बनाउनेतर्फ सरकारले विशेष ध्यान दिने नै छ भन्ने मलाई विश्वास छ'- राष्ट्रपति पौडेलले भनेका छन्।

यतिबेला नेपालले कहालीलाग्दो प्राकृतिक प्रकोपको सामना गर्नुपरेको र २०८३ भदौ १० गतेका दिन हिमनदीको बरफ तथा चट्टानसहितको हिमपहिरो खसेर आएको विनाशकारी बाढीले नेपाली जनतामाथि अकल्पनीय पीडा ल्याएको अनि यस विपत्तिले असंख्य मानवजीवन, घरपरिवार र जीविकोपार्जनका आधारहरू बगाउनुका साथै सडक, पुल, जलविद्युत् आयोजनालगायत राष्ट्रका महत्त्वपूर्ण पूर्वाधारमा पनि व्यापक तथा गम्भीर क्षति पुऱ्याएको उनले उल्लेख गरेका छन्। 'आज सम्पूर्ण राष्ट्र यस भयावह विपत्तिको शोकमा छ। यो विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण नागरिकप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार कार्य यथाशीघ्र सफल होस् भन्ने कामना गर्दछु'- राष्ट्रपति पौडेलले भनेका छन्। विपत्तिमा प्रत्यक्ष रूपमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक तथा उद्धार र राहतमा संलग्न सम्पूर्ण व्यक्ति र संस्थाप्रति उनले उच्च सम्मान व्यक्त गरेका छन्।

उद्धारकार्यमा संलग्न धेरैले आफ्नो ज्यानको पनि पर्वाह नराखी पीडित तथा प्रभावित नागरिकहरूको उद्धारका लागि अत्यन्त जोखिमपूर्ण क्षेत्रमा प्रवेश गरेको राष्ट्रपति पौडेलले उल्लेख गरेका छन्। 'वास्तवमा उहाँहरूको अदम्य साहस, समर्पण र सेवाभाव नेपालको उत्कृष्ट मानवीय भावना र राष्ट्रिय चरित्रको प्रतिनिधित्व गर्दछ भन्ने कुरा म गर्वका साथ यहाँ भन्न चाहन्छु। तर, कठिन भौगोलिक अवस्था, क्षतिग्रस्त सडक र अस्थिर एवं जोखिमपूर्ण परिस्थिति हराइरहेका व्यक्तिहरूको खोजी तथा उद्धारकार्यलाई अवरुद्ध गर्ने वा परित्याग गर्ने कारण बन्नुहुँदैन'- उनले भनेका छन्। नेपालमा कार्यरत, पर्यटक, हिमाली क्षेत्रमा पदयात्रामा रहेका वा आध्यात्मिक यात्राका क्रममा नेपालमा रहेका हरेक विदेशी नागरिकहरू, जसले यस विपत्तिमा परी ज्यान गुमाएका छन्, उनीहरूप्रति पनि भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै आफ्ना प्रियजन गुमाएका सम्पूर्ण परिवारहरूप्रति नेपालका तर्फबाट हार्दिक समवेदना व्यक्त गरेका छन्। नेपालले आफ्नो भूमिमा रहेका प्रत्येक व्यक्तिलाई आफ्नै परिवारको सदस्यका रूपमा मान्दछ भन्दै प्रभावित नागरिकहरू भएका सम्बन्धित देशका सरकार तथा कूटनीतिक नियोगहरूसँग सहकार्य गर्ने पनि उनले बताएका छन्।

यस कठिन घडीमा नेपालले सामना गरिरहेको यो विशाल चुनौतीका बीच तत्काल खोज तथा उद्धार जनशक्ति, प्राविधिक विशेषज्ञ, चिकित्सकीय टोली तथा आवश्यक उपकरणहरू उपलब्ध गराई द्रुत सहयोग र सहकार्य गर्ने छिमेकी मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय समुदायका सम्पूर्ण सदस्यहरूप्रति राष्ट्रपति पौडेलले कृतज्ञता व्यक्त गरेका छन्। नेपालले विगतमा पनि भूकम्प, बाढी, पहिरो, महामारी तथा अन्य विभिन्न विपत्तिहरूको सामना गर्दै आएको र प्रत्येक पटक नेपाली जनताले असाधारण साहस, धैर्य, संयम र अदम्य दृढताका साथ यस्ता कठिन परिस्थितिको सामना गर्दै आएको उनले स्मरण गरेका छन्। 'म सम्पूर्ण राजनीतिक दलहरू, निर्वाचित जनप्रतिनिधिहरू, नागरिक समाज, मानवीय सहायता तथा उद्धारमा संलग्न संघसंस्थाहरू, निजी क्षेत्र, व्यवसायी समुदाय तथा सम्पूर्ण नागरिकहरूलाई यस कठिन घडीमा एकताबद्ध भएर उभिन हार्दिक आह्वान गर्दछु'- राष्ट्रपति पौडेलको अपिल छ।

यो विभाजनको समय होइन र एकअर्कालाई दोषारोपण गर्ने वा राजनीतिक विवाद र टकरावमा अल्झिने समय पनि होइन भन्दै उनले भनेका छन्- 'यो राष्ट्रिय एकता तथा ऐक्यबद्धता प्रदर्शन गर्ने समय हो। यो समय पुनर्निर्माण, पुनर्स्थापना र आर्थिक पुनरुत्थानको समय पनि हो। हामी पुनर्निर्माण, पुनर्स्थापना र आर्थिक पुनरुत्थानको प्रक्रियामा जाँदै गर्दा हाम्रो विकास मोडेलमाथि पनि पुनर्विचार गर्ने हो कि भन्ने मलाई लागेको छ।' राष्ट्रपतिले भनेका छन्- 'यस विपत्तिले केवल हाम्रो हिमाली पर्यावरणको असाधारण नाजुक अवस्था मात्र दर्शाउँदैन, अपितु यसले निरन्तर बढ्दै गएको विश्वव्यापी तापक्रम वृद्धि र त्यसबाट उत्पन्न हुन गएको जोखिमप्रति हामीलाई पुनः गम्भीर रूपमा सचेत पनि गराएको छ।'

'म अन्तर्राष्ट्रिय समुदाय समक्ष नेपाललगायत पारिस्थितिकीय रूपमा प्रभावित राष्ट्रहरूको आवाज सुन्न मात्र होइन, उनीहरूका लागि जलवायु न्याय सुनिश्चित गर्न ठोस र प्रभावकारी कदम चाल्न हार्दिक आह्वान गर्दछु'- राष्ट्रपति पौडेलले भनेका छन्। भगवान्ले हामी सबैलाई यस अप्रत्याशित तथा भयानक विपत्तिको सामना गर्दै यसबाट पार पाउन आवश्यक शक्ति र साहस प्रदान गर्ने विश्वास समेत उनले व्यक्त गरेका छन्।

# सर्वोच्चबाट 'न्याय मिल्ने' देउवाको विश्वास

**भक्तपुर।** नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले सर्वोच्च अदालतले पार्टीको आधिकारिकता आफ्नो पक्षमा फैसला दिने विश्वास व्यक्त गरेका छन्। कांग्रेसको आधिकारिकता विवादका विषयमा सर्वोच्च अदालतले देउवाको पक्षलाई निस्सा दिएपछि उनको त्यस्तो विचार आएको हो। ११३औं बिपी जयन्तीको अवसरमा नेपाली कांग्रेस भक्तपुर जिल्ला समितिद्वारा आयोजित 'बिपी विचार, राष्ट्रिय राजनीति र नेपाली कांग्रेस विषयक' विचार गोष्ठीमा बोल्दै उनले सर्वोच्चबाट आफूहरूले न्याय पाउने विश्वास व्यक्त गरेका हुन्। उनले रसुवा भोटेकोशी बाढीमा परेकाको छिटो राहत र उद्धारमा सरकार लाग्नुपर्ने बताए।

कार्यक्रममा कांग्रेस नेताहरू शशांक कोइराला, प्रकाशमान सिंह, कृष्ण सिटौला, विमलेन्द्र निधी, डा. प्रकाशशरण महत, विनोद कायस्थ, सुरेन्द्र श्रेष्ठलगायत नेताहरूले कांग्रेसलाई एक ढिक्का बनाएर लैजानु पर्ने र त्यसका लागि विद्यानसम्मत नियमित महाधिवेशनमा जानुपर्ने बताए।

**मानव बेचबिखन नियन्त्रण गरौं**

**मानव बेचबिखन भन्नाले :**


- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद-बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद-बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य हुन्।

**तसर्थ :**

- मानव बेचबिखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारबाही हुन्छ,
- मानव बेचबिखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**




प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं